मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २६२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन २३ गते विहीबार (Thursday, August 8. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## सुन मूल्यमा रेकर्ड, तस्करीबाट आपूर्ति

**झापा, साउन २२ ।** सुनको मूल्य अहिलेसम्मकै उच्च भएको छ। सुन चाँदी व्यवसायी संघ झापाका अध्यक्ष रुपदल विश्वकर्माका अनुसार वुधवार सुनको मूल्य प्रति तोला ७० हजार रुपैयाँ पुगेको हो । यो मूल्य अहिलेसम्मकै उच्च हो ।

झापामा सुन चाँदी व्यवसायीले मासिक १२ केजी सुन पाउँदै आएका छन् । त्यो सुन झापाका लागि पर्याप्त भने होइन । वर्ल्ड गोल्ड फाउन्डेशनका अनुसार भारत सुनको माग हुने विश्वको सबैभन्दा ठूलो बजार हो । धर्म, संस्कृति र संस्कारले पनि सुनप्रति बढी झुकाव राख्ने भएकाले भारतीय नागरिकले जन्मदेखि मृत्यु संस्कारसम्म सुन प्रयोग गर्छन् । फाउन्डेशनका अनुसार सन् २०१९ मा भारतमा सुनको माग ७५० टनदेखि ८५० टन पुगेको छ । ५३० टन त गरगहनामै प्रयोग हुन्छ । भारतको सुनको माग चीन र खाडी मुलुकहरूले पूरा गर्दै आएका छन् ।

अन्तर्राष्ट्रिय सुन तस्करले नेपालको भूमि प्रयोग गरी अवैध सुन भारत पठाउने गरेको पाइएको छ । युरोप, अमेरिका, बेलायत लगायतका विकसित देशमा भने सुनको तुलनामा हीरा, पत्थर, आभूषण बढी प्रयोग हुन्छ ।

गृह मन्त्रालयले आर्थिक वर्ष ०७५/०७६ को वार्षिक प्रगति विवरणमा सुन तस्करीको अन्तराष्ट्रिय सञ्जाल तोड्न सफल भएको घटनालाई महत्वपूर्ण उपलब्धि मानेको छ । शान्तिसुरक्षाको दृष्टिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षित तथा संवेदनशील भए पनि सुरक्षाकर्मी र कर्मचारीकै मिलेमतो (सेटिङ)मा अवैध सुन आयात हुने गरेको पाइन्छ । तर, ३३ किलो सुनकाण्डपछि विमानस्थल सेटिङ सञ्जाल पनि भत्किएको कतिपयको भनाइ छ ।

नेपाल-चीन तातोपानी नाका २०७२ सालको भूकम्पका कारण अवरुद्ध भएपछि नेपाली सुन तस्करहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'सेटिङ' मिलाएर सुन ल्याउने गरेका थिए । प्रहरी अधिकारीका अनुसार सुन तस्करहरूका लागि हवाईभन्दा स्थलमार्ग निकै सुरक्षित तथा उपयोगी हुने गरेको छ ।

सेटिङमा आएकोबाहेक सबै सुन बरामद गरिने गरेको दाबी नेपाल प्रहरीको छ । गृह मन्त्रालयका सहसचिव ईश्वरीराज पौडेलको संयोजकत्वमा गठित समितिले पनि विमानस्थलमा तैनाथ सुरक्षाकर्मी र विमान सेवाका कर्मचारीको मिलेमतोमा आउने अवैध सुनबाहेक सबै बरामद गरिने गरेको तथ्य सार्वजनिक गरेको छ ।

तस्करीका लागि विमानस्थल र तातोपानी नाका सुरक्षित हुन थालेपछि विकल्पका रूपमा रसुवाको केरुङ र गोरखाको छेकम्पार प्रयोग हुन थालेको पाइन्छ । २०६४ साल भदौमा केरुङबाट काठमाडौं भित्रिएको एउटा गाडीबाट ८८ किलो अवैध सुन बरामद भएको थियो ।

केरुङबाट आउँदै गरेको एउटा गाडीमा सुन छ भन्ने सूचना आयो तर ८८ किलो भन्ने कुरा अपत्यारिलो जस्तै थियो-नेपाल प्रहरीका पूर्वएआईजी जयबहादुर चन्दले भने -सुन बरामद भयो तर मालिक भेटिएन र बजार भने छिमेकी मुलुक भारत रहेछ । विशेष गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेटिङ नमिलेको अवस्थामा र

(बाँकी अन्तिम पृष्ठमा)

## थुनुवा भेट्न आएका ब्यक्ति नियन्त्रणमा

**झापा, साउन २२।** झापाको इलाका प्रहरी कार्यालय अनारमनीमा रहेका थुनुवा भेट्न आएका एक ब्यक्तिलाई प्रहरीले लागूऔषध र ब्लेडसहित पक्राउ गरेको छ ।



मंगलवार राति पौने ९ बजे इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा रहेका जबरजस्ती करणी मुद्दाका थुनुवालाई भेट्न आएका बिर्तामोड नगरपालिका -१ बस्ने २४ बर्षीय बिशाल शाक्यलाई चेकजाँच गर्ने क्रममा निजको साथबाट १ थान ब्लेड, ०.१७ मिलिग्राम ब्राउन सुगर र ०.६९ मिलिग्राम गाँजा फेला परेको थियो ।

लागूऔषधसहित पक्राउ परेका शाक्यलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखी थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## दमक नगरपालिकामा स्तनपान कक्ष

**दमक, साउन २२।** झापाको दमक नगरपालिकाले आफ्नो कार्यालयमा स्तनपान कक्ष स्थापना गरी सञ्चालनमा ल्याएको छ । विश्व स्तनपान सप्ताह समापनका अवसर पारेर बुधबार नगरपालिकामा छुट्टै स्तनपान कक्ष सञ्चालनमा ल्याइएको नगर उपप्रमुख गीता अधिकारीले बताइन् ।

स्तनपान कक्षको बुधबार एक कार्यक्रमका बीच नगर प्रमुख रोमनाथ ओलीले उद्घाटन गरेका थिए । उनले नगरपालिकामा आउने सेवाग्राही तथा सर्वसाधारणहरुलाई लक्षित गरी कक्ष सञ्चालनमा ल्याइएको बताए ।

स्तनपानकक्ष शुभारम्भ कार्यक्रममा नगर उपप्रमुख अधिकारी, दमक ८ का वडाध्यक्ष पशुपतिराज गौतम, कार्यपालिका सदस्य भक्तादेवी दाहाल लगायतले नगरपालिकामा आउने महिला सेवाग्राही तथा कर्मचारी महिलाहरुका लागि स्तनपानकक्ष उपयोगी हुने बताए ।

साउन १६ देखि २२ गतेसम्म विश्वभरि विभिन्न कार्यक्रम गरी स्तनपान सप्ताह मनाइने गरेको छ । सप्ताह कार्यक्रम अन्तर्गत दमकमा शिशुका लागि स्तनपानको महत्व सम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना गरिएको नगर स्वास्थ्य शाखाका प्रमुख इन्द्र अर्यालले जानकारी दिए ।

## पत्रकार पुडासैनीको मृत्यु रहस्यमय बन्दै

**झापा, साउन २२।** पत्रकार शालिकराम पुडासैनीको मृत्यु आत्महत्या दुरुत्साहनबाट भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

मृत्युअघि उनले रेकर्ड गरेको भिडियोमा केही मानिसका कारण आफूले आत्महत्या गर्न लागेको उल्लेख भएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर मल्लका अनुसार उनको मोबाइलमा रेकर्ड गरिएका दुई वटा करीब ८ मिनेट र ३ मिनेटका

(बाँकी अन्तिम पृष्ठमा)

## डेङ्गुको उपचारमा ध्यान दिन आग्रह

**झापा, साउन २२।** प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसदले सुनसरीको धरान उपमहानगरपालिकामा घरैपिच्छे डेङ्गुका बिरामी देखिएको हुँदा उपचार गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बुधवारको बैठकमा मीना सुब्बाले घरैपिच्छे डेङ्गुको बिरामी देखिएको र दुई महिलाको मृत्यु भइसकेको बताइन् । उनले चार हजारमा डेंगु रोग देखिएकोले तत्काल नियन्त्रणमा ल्याउन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गरिन् ।

सांसदहरू राजेन्द्रकुमार राई र रानी मण्डलले तराईमा डुबानको समस्याका कारण धेरै मानिस घरबारविहीन भएको भन्दै तिनीहरूका लागि सरकारले तत्काल राहत प्रदान गर्न आग्रह गरे । सांसद महेश्वरजङ्ग गहतराजले तराईमा वर्षैपिच्छे डुबानका कारण ठूलो धनजनको क्षति हुने हुँदा शहरी विकास मन्त्रालयले डुबानमुक्त घरका नक्सा बनाई डुबानमुक्त घर निर्माण गर्नुपर्ने सुझाव दिए ।

**डा. सिद्धार्थ ठाकुर आउने बारेको सूचना**

यही मिति २०७६ साल श्रावण २४ गते शुक्रवारका दिन वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. सिद्धार्थ ठाकुर काठमाडौंबाट सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।

**उपचार हुने रोगहरू** : ग्याष्ट्रिक, अल्सर, कोलाइटिस, जण्डिस, हेपाटाइटिस, दम, खोकी, प्रेसर, सुगर, थाइराइड, पत्थरी, मृगौलाको रोग, पिसाव पोल्ने, हातगोडा दुख्ने, झमझमाउने, जोर्नी दुख्ने, हड्डी खिइएको, नशा च्यापिएको, यौन समस्याहरु, नपूसंकता, बाँझोपन, पुरानो टन्सिल, पिनास, माइग्रेसन, छालाका रोगहरु साथै सम्पूर्ण शारीरिक एवम् मानसिक रोगीहरुले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.** काँकरभिट्टारोड बिर्तामोड
बोलबम पेट्रोलपम्पसँगै (०२३-५४१३११, ९८५२६८८९८६)

**भेट्नेलाई उचित पुरस्कार**

बिर्तामोडको बोलबम पेट्रोलपम्पसँगै रहेको भूपेन स्टोरबाट यही साउन २१ गते रातिको समयमा नगदसहित उक्त स्टोरका महत्वपूर्ण कागजातहरु चोरी भएको छ । चोरी भएका उक्त कागजातहरु यस फर्मबाहेक कसैलाई पनि उपयोगमा नआउने हुँदा चोरी भएका सो कागजातहरु बिर्तामोड वा आसपासका कुनै पनि ठाउँमा फ्याँकिन सक्ने भएको हुँदा कहिंकतै त्यस्ता कागजातहरु भेटिए देखिएमा सो कागाजत तलको फोन नं. वा इलाका प्रहरी कार्यालय बिर्तामोडमा बुझाई दिनका लागि बिनम्र अनुरोध गर्दछु । साथै सो कागजातहरु बुझाउने व्यक्तिलाई स-सम्मान उचित र आकर्षक पुरस्कारसमेत उपलब्ध गराइने छ ।

**भूपेन स्टोर**, बिर्तामोड, झापा
फोन : ०२३-५४१३७२/ ९८४२७१४५७५

**Career Opportunity**

Green Field World School announces vacancies for deserving candidates for the following positions.

| S.N. | Position | Level | Qualification |
|---|---|---|---|
| 1. | Mathematics Teacher | Secondary/L.S./Primary | Masters/Bachelor |
| 2. | Science Teacher | Lower Secondary | Bachelor |

Candidates having sound educational and English background may visit the school office within 26th of Sharwan along with their CV and handwritten application.

Green Field World School
Birtamode-1 (ph: 9867662346/ 023-542208)




**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा साउन २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## ट्रायल पास गरिदिन्छु भन्दै ठगी

**काठमाडौं, साउन २२।** सवारी चालक अनुमति पत्रको ट्रायल परीक्षा पास गराई दिन्छु भन्दै ठगी गर्न खोज्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काभ्रेको बनेपा मदनदेवपुर नगरपालिका -८ घर भएका ३१ वर्षीय पशुपति आचार्य रहेका छन् । उनलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको हो ।

मध्यपुर ठिमी नगरपालिका -४ राधेराधेस्थित इजी ट्रायल सेन्टर अगाडिबाट आचार्यलाई महानगरीय प्रहरी वृत्त ठिमीको प्रहरीले पक्राउ गरेको हो ।

**नेपालीहरुको लागि भरपर्दो सेवा**


**मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



राजनीतिशास्त्रीदेखि सुरक्षा मामिलाका जानकारसम्म भन्छन् -

# बिप्लबको मिसन यी चार कारण पूरा हुँदैन



**झापा, साउन २२।** राजनीतिशास्त्रीदेखि सुरक्षा मामिलाका जानकारसम्मले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी नेकपाले लिएको कार्यदिशा सफल हुन सक्ने 'आधार नरहेको' बताएका छन् ।

मुलुकको वर्तमान परिस्थितिमा हिंसात्मक द्वन्द्वमार्फत परिवर्तन ल्याउन सम्भव नभएको उनीहरूको निष्कर्ष छ ।

उनीहरू चन्द नेतृत्वको नेकपाले लिएको बाटोमा सैद्धान्तिक स्पष्टता पनि नभएको र पार्टीको कार्यदिशाले कसैलाई फाइदा नपुऱ्याउने पनि बताउँछन् । केही दिनअघि मात्रै एक नेताले पनि आफ्नो पार्टीले लिएको बाटो सही नभएको बताएका थिए ।

**के भनेका थिए ती नेताले?**

हिरासतमा रहेका तत्कालीन पोलिटब्यूरो सदस्य मोहन कार्कीले राष्ट्रिय समाचार समितिसँगको कुराकानीमा आफ्नो पार्टीको राजनीतिक कार्यदिशा छापामार युद्ध नभई एकीकृत जनक्रान्ति भएको बताएका थिए ।

उनले भनेका थिए- एकीकृत जनक्रान्ति भनेको किसान, मजदुर, मध्यमवर्ग र राष्ट्रिय पुँजीपति वर्गलाई एकीकृत ढङ्गले अगाडि बढाउने र जनआन्दोलन सञ्चालन गर्ने हो ।

कतिपय साथीले त्यसलाई नबुझेर छापामार युद्धतिर लैजाने प्रयत्न गरिराख्नुभएको छ । मुलुक द्वन्द्वमा जाँदा कसैलाई फाइदा नपुग्ने भन्दै कार्कीले शान्तिपूर्ण रूपमै समस्याको समाधान खोज्नु पर्नेमा जोड समेत दिए । आफूले महासचिव चन्दलाई पार्टीमा केही कुरा सच्याउन र कार्यदिशाअनुसार शहरका मध्यम वर्गको साथ लिएर जनतालाई राहत दिने तथा राष्ट्रिय जागरण फैलाउने अभियान गर्नुपर्ने सुझाव दिएको पनि कार्कीले दाबी गरे । विध्वंसात्मक घटनामा संलग्न रहेको आरोपमा प्रहरीले कार्कीलाई गत चैत १ गते ललितपुरबाट पक्राउ गरेको थियो ।

विगतमा तत्कालीन माओवादीले सशस्त्र द्वन्द्व शुरू गरेको जस्तै अवस्थाको परिकल्पना गरेर चन्द नेतृत्वको नेकपा अघि बढे पनि त्यसयता निकै परिवर्तन आइसकेको राजनीतिशास्त्री तथा सुरक्षा मामिलाका जानकारहरूको तर्क छ । उनीहरूले चन्द नेतृत्वको नेकपाले लिएको कार्यदिशासफल हुन नसक्ने विभिन्न कारण रहेको बताएका छन्। उनीहरूले औँल्याएका चार प्रमुख कारण यस्ता छन् :-

**१. वस्तुगत परिस्थिति**

पूर्वगृहसचिव श्रीकान्त रेग्मी मुलुकको अहिलेको वस्तुगत परिस्थितिलाई चन्द नेतृत्वको नेकपाले सही रूपमा विश्लेषण गर्न नसकेको बताउँछन् । विगतमा तत्कालीन माओवादीले क्षेत्रीयता र जातीयताको नारा दिँदा र प्रभावित क्षेत्रमा डरको मनोविज्ञानले काम गर्दा पनि कतिपय मानिस उनीहरूको पछाडि लागेको उनको दाबी छ ।

तर अहिले वस्तुस्थिति फेरिएको बताउँदै उनी भन्छन् -अब त डरको मनोविज्ञानले पनि काम गर्न सक्दैन र जनता पनि अहिलेको राज्य व्यवस्थाविरुद्ध उभिने वस्तुगत परिस्थिति कमसेकम मैले चाहिँ देखेको छैन । लेखक तथा राजनीतिक टिप्पणीकार राजेन्द्र महर्जन पनि अहिलेको वस्तुस्थितिबारे चन्द नेतृत्वको नेकपाको स्पष्ट दृष्टिकोण नभएको बताउँछन्। उनी भन्छन् -जाने कता त्यो पनि थाहा छैन, अहिलेको वस्तुस्थिति के हो त्यो पनि थाहा छैन ।

**२. सैद्धान्तिक अस्पष्टता**

जानकारहरूका अनुसार कुनै पनि राजनीतिक दल अथवा समूहप्रति मानिसहरू आकर्षित हुनुमा तिनले अङ्गीकार गर्ने सिद्धान्तको पनि महत्वपूर्ण भूमिका हुन्छ । त्यसो भन्नुको अर्थ त्यस्ता दल अथवा समूह कस्तो सिद्धान्तबाट निर्देशित हुन्छ भन्ने हो । तर प्राध्यापक कृष्ण खनालको विचारमा चन्द नेतृत्वको नेकपाले लिएको बाटोमा सैद्धान्तिक प्रष्टता देखिँदैन ।

उनी थप्छन् -मलाई लाग्छ उनीहरूको राजनीतिक गन्तव्य प्रष्ट छैन । प्रचण्डले क्रान्तिको बाटो अधुरो छाँडे भनेर त भन्छन् तर उहाँहरूकै क्रान्तिको बाटो के हो त्यो प्रष्ट देखिँदैन ।

**३. इतिहास सधैँ दोहोरिँदैन**

अर्का प्राध्यापक कृष्ण पोखरेलको विचारमा एउटा परिस्थिति एक पटक थियो भन्दैमा सधैँ त्यही परिस्थिति रहन्छ भन्ने हुँदैन ।

विगतमा तत्कालीन माओवादी आन्दोलनले एउटा विन्दुमा नपत्याउने ढङ्गले उचाइ पाएको र त्यहाँबाट अगाडि बढे प्राप्त उपलब्धि पनि गुम्न सक्ने देखेर ऊ सम्झौताको बाटोमा आएको उनी बताउँछन् ।

पोखरेल थप्छन् - अब फेरि पनि त्यही कुरा त्यही ढङ्गले उठ्छ भन्ने मलाई चाहिँ लाग्दैन । पूर्वगृहसचिव रेग्मीको विचारमा चन्द नेतृत्वको नेकपा पनि फेरि उही बाटो समात्नु भनेको इतिहासबाट पाठ नसिक्नु हो ।

**४. सैन्य क्षमता**

चन्द नेतृत्वको नेकपाले बेलाबखत विस्फोट गराउँदै आएको घटना सार्वजनिक हुने गरेका छन् । तर सुरक्षा मामिलाका जानकारहरू विगतमा तत्कालीन माओवादीले जस्तै चन्द नेतृत्वको नेकपा नरहेको बताउँछन् । विश्लेषक र सुरक्षाविज्ञ भन्छन् -त्यहीँ स्तरमा त द्वन्द्व निम्त्याउन सक्ने उसको क्षमता देखिँदैन । तर द्वन्द्वको खतरालाई नकार्न भने सकिँदैन ।

हालै नेपाली सेनाका पूर्वउपरथी विनोद बस्न्यातले भनेका थिए -त्यो हैसियत चन्द समूहले राख्दैन । तर अहिलेको देशको अवस्था र युवामा व्याप्त बेरोजगारीको अवस्थाले उनीहरूलाई आकर्षित गर्ने जोखिम चाहिँ छ ।

माथि उल्लेखित आधारबाहेक चन्द नेतृत्वको नेकपासामु वार्ताको विकल्प नभएको जानकारहरू बताउँछन् । उनीहरू भन्छन् - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टान्त हेर्दा अधिकांश हिंसात्मक सङ्घर्षहरू शान्तिपूर्ण वार्तामार्फत टुङ्गिएका छन् । चाहे त्यो नेपालकै सशस्त्र द्वन्द्व होस् अथवा पाँच दशकभन्दा लामो समय चलेको द्वन्द्व होस् ।

प्राध्यापक खनाल भन्छन् - द्वन्द्व अथवा सङ्घर्षको बाटो अहिले विश्वभरि सकिएको छ । सम्झौता र बृहत् राजनीतिक प्रतिष्पर्धा गर्नुपर्ने बाध्यता संसारभरि देखिएको छ । आफ्नो राजनीति जोगाउनलाई पनि त्यस्ता दल वा समूह अन्ततः वार्ता र सम्झौतामा जानुको विकल्प नभएको अर्का प्राध्यापक पोखरेलको तर्क छ ।

**चन्द नेतृत्वको नेकपा के हो ?**

विसं २०६९ को असारमा पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरिरहेको तत्कालीन एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी पार्टीबाट अलग्गिएका नेताहरूले मोहन वैद्यको नेतृत्वमा छुट्टै दल बनाएका थिए । पछि वैद्यले नेतृत्व गरेको नेकपा माओवादी पनि क्रान्तिकारी हुन नसकेको भन्दै विसं २०७१ मंसीरमा चन्दले छुट्टै दल घोषणा गरे । औपचारिक नाम नेपाल कम्युनिस्ट पार्टी राखेको भए पनि सो दललाई सर्वसाधारणहरू चन्दको उपनाम जोडेर विप्लव माओवादी भन्ने गर्छन् । कुनै पनि निर्वाचनमा सहभागी नभएको उसले आफूलाई मूलधारको माओवादी पार्टी भन्ने गर्दछ ।

वैद्य समूहसँग छुट्टिएदेखि नै सो दलले चक्काजाम र नेपाल बन्द गर्ने, सरकारी अधिकारीहरूलाई कालोमोसो दल्ने, विभिन्न स्थानमा विस्फोटन गराउने र बलपूर्वक चन्दा सङ्कलन गर्दै आएको छ ।

पहिला माओवादीको वर्चस्व भएका पश्चिम नेपालका केही स्थानमा स्थानीय जनप्रतिनिधिहरूले आफूलाई सो दलका कार्यकर्ताले राजीनामा दिन दबाव दिने गरेको गुनासो गरेका छन् । त्यहाँ सो दलले 'जनसरकार' घोषणा पनि गरेको छ । निर्णायक क्रान्ति गर्ने भन्दै सरकारी पक्षसँग वार्ता गर्न नमानेको चन्द नेतृत्वको दलको सरकारी पक्षसँग वार्ता हुन लागेको चर्चा चलिरहेको छ । सरकारका प्रवक्ताले पनि वार्ता हुन सक्ने तर त्यसका लागि सो समूहले हिंसा त्याग्ने प्रतिबद्धता जनाउनुपर्ने बताएका छन् ।

**हिंसाको शृंखला**

गत जेठ महिनामा काठमाण्डूका विभिन्न स्थानमा भएका विस्फोटनमा चन्द नेतृत्वको नेकपाका चार कार्यकर्ताको मृत्यु भएको थियो

मंसीर २०७४ निर्वाचनका बेला दाङको तुलसीपुरमा भएको बम विस्फोटमा म्यादी प्रहरीको ज्यान गएको थियो । उक्त घटनामा चन्दको दलकै हात रहेको अधिकारीहरूले बताएका थिए ।

फागुन २०७५ मा चन्द समूहले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको नख्खूस्थित कार्यालयअगाडि गराएको विस्फोटनमा एक सर्वसाधारणको मृत्यु भएको थियो । जेठ २०७६मा काठमाण्डौको घट्टेकुलो र सुकेधारामा सिलिन्डर बम विस्फोटन हुँदा चन्द समूहका चार जनाको मृत्यु भएको थियो ।

जेठ २०७६मा दोहोरो भीडन्तका क्रममा प्रहरीको गोली प्रहारबाट घाइते सो दलका एक कार्यकर्ताको उपचारको क्रममा मृत्यु भएको स्थानीय प्रशासनको भनाइ छ भने नकेपाले गिरफ्तार गरी हत्या गरिएको आरोप लगाएको छ । असार २०७६ मा भोजपुरमा भएको एउटा घटनामा चन्द समूहका एक कार्यकर्ता र एक प्रहरीको मृत्यु भएको थियो । असार २०७६ मा सर्लाहीमा चन्द समूहका जिल्ला इन्चार्ज कुमार पौडेलको प्रहरी कारबाहीमा मृत्यु भयो । तर नेकपाले भने उनलाई नियन्त्रणमा लिएपछि हत्या गरेको दावी गरेको छ ।

साउन २०७६मा धनगढीमा आफैँले बोकेको विस्फोटक पदार्थ पड्किएर चन्द समूहका एक कार्यकर्ताको मृत्यु भयो । उनका साथीसहित अरू तीन जना घाइते भएका थिए । (वीवीसी)

# 'हाईवे टच'शिवसताक्षीका अधिकांश सडक कालोपत्रे



**झिलझिले, साउन २२ ।** कनकाई पुल पश्चिम कमल खोलाबीचको ११ किलोमिटर हाइवेसँग जोडिएका शिवसताक्षीका १२ वटा भित्री सडक कालोपत्रे गरिएका छन् ।

शिवसताक्षी नगरपालिका, १ नम्बर प्रदेश सरकार र संघीय सरकारको लगानीमा एसियन हाइवेसँग जोडिएका शिवसताक्षी नगरका भित्री सडक कालोपत्रे गरिएको हो ।सडक कालोपत्रे कार्यमा प्रतिनिधि सभाका सांसद एलपी साँवा लिम्बू र प्रदेश सभाका सांसदद्वय झलकवहादुर दर्लामी मगर र हिरा थापाको सांसद पूर्वाधार क्षेत्र विकास कोषको रकम पनि लगानी भएको छ ।

पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएका शिवसताक्षी नगरका १२ वटा सडक कालोपत्रे भएका हुन् । नगरको १ नम्बर वडास्थित धरमपुर-पारावारी सडक, ८ नम्बर वडास्थित डुँडामारी- पाँचगाछी सडक कालोपत्रे भएको छ । वडा नम्बर ८ कै सम्झना चोक-गुराँस चोकसम्मको सडक पनि कालोपत्रे भएको छ । ८ नम्वर वडाको झिलझिले वजारका राजमार्गसँग जोडिएका चारवटा सडकसमेत कालोपत्रे गरिएको वडा अध्यक्ष केहरसिंह बस्नेतले जानकारी दिए । यस्तै वडा नम्बर - ११को दूधे -शिवगञ्ज सडक कालोपत्रे भएको छ भने दूधे-बच्चावगर सडक कालोपत्रेको निर्माण चरणमा रहेको शिवसताक्षी नगरपालिकाका प्रवक्ता नवीन इजमले जानकारी दिए । वडा नम्वर ९को संगमचोक-आइतवारे, वडा नम्बर १० को किराँतचोक दक्षिण श्रीजंघा र माइधार -लक्ष्मी नारायण मन्दिर सडक खण्ड पनि कालोपत्रे गरिएको प्रवक्ता इजमले बताए ।

पछिल्लोपटक संघ सरकारको अर्थमन्त्रालय र शिवसताक्षी नगरपालिकाको साझेदारीमा वडा नम्वर ८ को सम्झना चोक दक्षिण गुराँसचोकसम्मको करिव २ किलोमिटर सडक कालोपत्रे शुरु भएको छ । अर्थ मन्त्रालयको ४० लाख र शिवसताक्षीको ६० लाख गरी १ करोडको लागतमा नगर कार्यपालिकाको कार्यालयले ठेक्का आव्हान गरेको थियो ।

मेचीनगरको शान्ति निर्माण सेवाले ४८ प्रतिशत बिलोमा ठेक्का पारेपछि १५ सय मिटर सडक कालोपत्रे निर्माण सम्पन्न भएको हो । ५२ प्रतिशत बचेको रकममा पुनः त्यस दक्षिणको गुराँस चोकसम्मको सडकको ठेक्का पुनः नगरपालिकाले आव्हान गरेको थियो । उक्त ठेक्का स्थानीय सतासी निर्माण सेवाले पाएको प्रवक्ता इजमले बताए ।

मन्त्रालयको समपूरक कोषको उक्त रकम फिर्ता हुन नदिन नगरपालिकाले दुई चरणमा ठेक्का आव्हान गरी समयमै सडक कालोपत्रे गरेको स्थानीय डम्वरवहादुर मेनेङ्गवोले वताए । उक्त सडकको बुधबार शिवसताक्षी नगरपालिकाको वडा नम्बर ८ का वडाध्यक्ष बस्नेत, वडा सदस्य चूडामणि शिवाकोटी, वडासचिव पुष्पलाल पाण्डे लगायत स्थानीय उपभोक्ताले संयुक्त रुपमा अनुगमन गरेका थिए ।

## सुन.....

भरियाहरूबीच नै कमिसनको लेनदेन नमिलेको अवस्थामा मात्र विशेष सुराकीका आधारमा प्रहरीले अवैध सुन बरामद गर्ने गरेको दाबी छ । अन्यथा सुन बरामद गर्न समस्या रहेको अनुभव चन्दको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष मोहन सुनारका अनुसार अवैध सुनका कारण देशभरका करिब २२ हजार सुन व्यापारीलाई समस्या पारेको छ । त्यसमाथि सरकारले सुन आयात-निर्यातमा एकद्वार नीति अपनाउँदा वैधभन्दा अवैध सुनले बजार पाएको उनको भनाइ छ । नेपाली बजारमा सुनको माग दैनिक ३० देखि ४० किलोसम्म छ तर सरकारले २० किलो मात्र ल्याउन दिने गरेको छ । मागभन्दा आधा मात्र वैधानिक तवरले आपूर्ति हुन्छ । सुनको माग बढेसँगै आपूर्ति सहज नहुँदा अवैध सुनले बजार पाएको गुनासो व्यवसायीको छ । तर, नेपाल राष्ट्र बैङ्कका प्रवक्ता लक्ष्मीप्रपन्न निरौला नेपाली बजारमा सुनको माग मूल्याङ्कन गरी प्रतिदिन २० किलो कोटा निर्धारण गरिएको बताउँछन्। सुन व्यापारी तथा व्यवसायीको सहजताका लागि वाणिज्य बैङ्कहरूबाट केन्द्रदेखि जिल्ला तहसम्म सुन बिक्रीका लागि अनुमति दिइएको छ ।

सुनचाँदी व्यवसायीहरूका चारवटा सङ्घसंस्था छन् । ती सङ्घसंस्थाको सिफारिसमा व्यवसायी तथा व्यापारीहरूले बैङ्कबाट न्यूनतम् एक सय ग्रामदेखि एक किलोसम्म सुन खरिद गर्न सक्ने कानूनी प्रावधान छ ।

नेपाल सुनचाँदी, रत्न तथा आभूषण महासङ्घका अध्यक्ष रमेश महर्जन सुनको असहज आपूर्ति तथा आपूर्तिमा एकद्वार प्रणाली लागू हुँदा समस्या भएको बताउँछन् । खाडीका विभिन्न मुलुक दुबई, कतारका अतिरिक्त हङकङ, सिङ्गापुर, थाइल्यान्ड र चीनबाट नेपाल हुँदै भारतसम्म पुऱ्याउन नेपाली भरियाका रूपमा प्रयोग हुने गरेका छन् ।

## पत्रकार.....

भिडियो फेला परेको छ । सोही आधारमा अनुसन्धान भइरहेको मल्लले जानकारी दिए । उनका अनुसार निज पुडासैनीको साथबाट डिप्रेशनको औषधिसमेत फेला परेको छ । विगत केही समय यता उनले औषधिसमेत प्रयोग गर्दै आएको देखिएको छ । भिडियो हेरेका नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका-३ का वडा सदस्य एवम् मृतकका छिमेकी दीपक पुडासैनीका अनुसार भिडियोमा दुई जना सञ्चारकर्मी र एक महिलाका कारण आफूले आत्महत्या गर्न लागेको जनाइएको छ । पुडासैनीले भिडियोमा मर्नुको कारण जनाउँदै श्रीमतीलाई आफ्नो सम्पत्तिका बारेमा जानकारी दिएर परिवारसँग मिलेर बस्न आग्रह गरेको छिमेकी दीपकले बताए । सोही भिडियोका आधारमा प्रहरीले अनुसन्धान गर्नु पर्ने उनको भनाइ छ ।

भिडियो पाउनु अघि हत्या गरिएको आशङ्का गरिएको भए पनि भिडियो हेरेपछि आत्महत्याका लागि दुरुत्साहन गरेको देखिएसँगै आफूहरूले शव बुझेर काठमाडौं लगेको उनले बताए । उनको अन्त्येष्टिसँगै कानूनी परामर्श गरेर अघि बढ्ने मृतकका दाजुसमेत पर्ने दीपकले बताए । घटनाको सूक्ष्म अध्ययन भइरहेको भन्दै प्रहरीले विस्तृत विवरण खुलाउन चाहेको छैन । अनुसन्धान प्रभावित हुने भएकाले सबै कुरा भन्न नमिल्ले प्रहरी प्रमुख मल्लले जानकारी दिए । पुडासैनीको शव राति काठमाडौँ लगिएको हो । उनी सोमबार चितवनको नारायणगढस्थित होटेल कङ्गारुमा झुन्डिएको अवस्थामा मृत भेटिएका थिए ।

दुई महीनाअघि सम्म न्युज २४ मा कार्यरत पत्रकार पुडासैनी केही दिनदेखि माउन्टेन टेलिभिजनमा कार्यरत थिए ।


मोटरसाइकल बिक्रीमा

बजाज कम्पनीको कालो, सेतो रंगको Pulsar 220 मे७प ९७९२ नम्बरको मोटरसाइकल बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

मो. नं. ९८१७०१०२५०

कनकाई-विर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेड

**कनकाई नगरपालिका, झापाको**

**प्रथम साधारणसभा सम्बन्धी सूचना**

यस कम्पनीको प्रथम साधारणसभा तपसिलको मिति, स्थान र समयमा देहायका प्रस्तावहरुउपर छलफल गरी निर्णयसहित सम्पन्न गरिने तय भएकाले सम्पूर्ण सञ्चालक सदस्यहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**तपसिल**

साधारणसभा हुने स्थान : कम्पनीको कार्यालय, कनकाई नगरपालिका-३, सुरुङ्गा

मिति : २०७६ साल भदौ २२ गते आइतबार

समय : बिहानको ठीक १०:३० बजे

साधारणसभाका प्रस्तावहरू :

१. कम्पनीको वार्षिक प्रगति विवरण पेश गर्ने
२. आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ का लेखा परीक्षण प्रतिवेदनहरु पारित गर्ने
३. आ.व.२०७६/०७७ का लागि लेखा परीक्षक नियुक्ति गर्ने
४. सञ्चालक समितिको गठन
५. आ.व. २०७६/०७७ को लागि कम्पनीको भावी लक्ष्य र कार्यक्रम समेटिएको प्रतिवेदन पेश गर्ने ।

मिनाल तिम्सिना, अध्यक्ष — दीपक चापागाँई, प्रबन्ध निर्देशक

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

शैक्षिक सत्र २०७६/०७७ का लागि CTEVT बाट सम्बन्धन प्राप्त सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालयमा भर्ना खुल्यो । SLC/SEE उत्तीर्ण ग्रेड A देखि E सम्मले फारम भर्न सक्नेछन् ।

| | |
|---|---|
| मेडिकल ल्याव असिस्टेण्ट | १८ महिने |
| सिभिल सव ओभरसियर | १८ महिने |
| कृषि जे.टी.ए. | १८ महिने |
| भेटनरी जे.टी.ए. | १८ महिने |

प्रवेश परीक्षा : २०७६ साउन २५ गते शनिवार २ बजे

स्थान : मोहनमाया मा.वि. रामचोक

सम्पर्क **सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय**

बिर्तामोड -१, झापा (०२३-५४४१८८)

९८०७९५८४४८- गोविन्द कार्की) ९८५२६७४५५० -नेत्र पाठक

९८१५०७०२४८ - सोमनाथ गौतम ९८५२६७९८८७ दीपेन्द्र निरौला

असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (NMC-COOP)**

प्रधान कार्यालय : मेचीनगर -६, काँकरभिट्टाको

**बजार प्रतिनिधि आवश्यकता सम्बन्धी सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७६।४।२२

यस संस्थाको राजगढ कार्यालयको लागि बजार प्रतिनिधि आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकबाट निवेदन आह्वान गरिन्छ ।

विज्ञापन नं. : २ (२०७६/०७७)

पद : बजार प्रतिनिधि
संख्या : १ (एक जना)
सेवाको प्रकृति : करार
सेवा सुविधा : संस्थाको नियमानुसार
शैक्षिक योग्यता : एसएलसी वा सो सरह
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
निवेदन दस्तुर : रु. २००।-

बजार प्रतिनिधि आवश्यक सङ्ख्या विवरण

| j|;= | ahf< k|tlglw cfjZos lf]q | Psf0 g=_ | cfjZos ;Vof |
|---|---|---|---|
| 1 | पूर्व - हुलाकी मार्ग हुँदै भुतेनी खोला सम्म<br>पश्चिम- घाग्रा खोला सम्म (भानुचोक दक्षिण)<br>उत्तर- कुनाबारी बाट पशुहाट हुँदै पश्चिम घाग्रा सम्मको दक्षिणी भुभाग (साबिक राजगढ ८ को दक्षिणी सिमा)<br>दक्षिण- हुलाकी मार्ग पश्चिम बिरिङ सम्म | Psf0 g=_ 10 ;Dk"f !'!f# | 1 |


अन्य : ☞उम्मेद्वार नेपाली नागरिक हुनुपर्नेछ। ☞ उमेर २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। ☞निवेदकको हस्तलिखित आवेदन संस्थाको राजगढ कार्यालयमा मात्र दर्ता गरिनेछ। ☞ निवेदन दिने अन्तिम मिति २०७६ साउन २८ गते मंगलबारसम्म। ☞उत्तीर्ण उम्मेद्वारले संस्थाले तोके बमोजिम धितो धरौटीको प्रक्रिया पूरा गर्नुपर्ने छ।

थप जानकारीका लागि : ९८५२६८९४७३/९८०१४५७९२८

प्रधान कार्यालय

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा


(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**हेवन वाटर पार्कभित्र...**

heaven bakery cafe

**Opening on Sharwan 25th Saturday**

Date: 25th Sharwan, Saturday
Time : 10:00am To 7:00pm





Nepal Ratna Shivakoti (Managing Director) 9818278459/9869729259 / Suman Kharel (Manager) 9863056394/9816913531


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# प्रकृतिको संरक्षण गर्न जुट्नै पर्छ

**वातावरणीय क्षतिसँगै पिउने पानीको मुहान तथा खेतबालीमा लगाउने पानी सुक्दै गएपछि बुद्धशान्ति गाउँपालिकाका बासिन्दा एकीकृत अभियानमा जुटेका छन् । गाउँपालिकाको वडा नं. ५ का वडाध्यक्ष वासुदेव खतिवडाले नदीजन्य सामग्रीको चरमदोहनका कारण यस्तो प्रतिकूलता जन्मिएको भन्दै त्यस्ता वस्तुको तस्करी रोक्न गस्ती गर्न थालेको बताएका छन् । त्यसैगरी वडा नं. ६ का अध्यक्ष शम्भुप्रसाद पौडेलले खोलाहरुको उत्खनन्का कारण भौतिक पूर्वाधारमा क्षति पुगेको र मानवबस्ती नै जोखिममा परेको भन्दै त्यसविरुद्ध स्थानीयबासीसँगै जनप्रतिनिधिहरु समेत एकजुट भएको बताए ।**

**अहिले भौतिक विकासको प्रतिष्पर्धामा देखिएको सबैभन्दा ठूलो समस्या भनेकै प्राकृतिक स्रोतको विनाश हो । 'एउटाको जरो उखेलेपछि अर्काको उपचार हुन्छ' भन्ने भनाइ पुरानो हो जसले विकासका लागि प्रकृतिको विनाश गर्नैपर्छ भन्ने संकेत गरेको हुनसक्छ । तर, त्यसभित्र प्रकृतिको संरक्षण गर्दै दिगो विकासको अवधारणा पनि सुरक्षित रहनु पर्दछ भन्ने आशय छ यसलाई बिर्सनु हुँदैन । ग्रामीण क्षेत्रमा भौतिक सेवा र विकासको पहुँच कम वा हुँदै नभएका कारण मनोवृत्ति र मानसिकता बजार र शहर केन्द्रीत बन्दैछ । त्यहीकारण रित्तिएका गाउँ र जनसंख्यालाई बजारमा अटाउन जरुरी भयो । त्यही आवश्यकता पूरा गर्न मानिसले प्रकृति र प्राकृतिक स्रोतको अनुचित प्रयोग गर्न थाल्यो ।**

**प्राकृतिक सम्पदाभित्र पर्ने वनजंगल खोलानाला र भूमिको अनियन्त्रित प्रयोगले बर्षेनि विपद् निम्त्याउँदैछ । बाढी, पहिरो लगायतका विपद्मा परी सयौंले मृत्युवरण गर्नु परेको छ भने हजारौं विस्थापित भइरहनु परेको छ । त्यसबाहेक नदीको चरमदोहनले एकातिर पानीका स्रोत सुक्दैछ भने अर्कोतिर पृथ्वीको तापक्रम वृद्धि हुने कारक बनिँदैछ । देशको चुरे क्षेत्र अझ ठूलो संकटमा पर्दै गएको छ, वन फँडानी र नदीजन्य सामग्रीको दोहनले पहिरोको चपेटामा पर्दैछ । यस्तो राष्ट्रिय समस्याका बीच बुद्धशान्तिका स्थानीयबासी जनप्रतिनिधिसहित भएर टिमाई र कुरुङ खोलामा हुने नदीजन्य सामग्रीको चोरी तस्करी रोक्न संगठित भएका छन् । यसले अरु सबै क्षेत्रका बासिन्दालाई प्रकृति र प्राकृतिक स्रोतको संरक्षण गर्न प्रेरित गर्न सक्छ ।**

**भौतिक विकास संरचनाहरुको निर्माणका आधारमा मापन गरिन्छ । सडक, भवन लगायतका संरचना बनाउन ढुंगा, गिटी, बालुवा चाहिन्छ । त्यसको स्रोत भनेकै नदीनाला हुन् । त्यसले सुख, सुविधा समेत दिने कारणले हाम्रा परम्परागत घरहरु कंक्रिटको संरचनामा बदलिएका छन् । यसका लागि खोला मै भरपर्नु पर्ने कारणले बाह्रै महिना उत्खनन् भइरहेको छ । यसले पुर्‍याएको र पुर्‍याउन सक्ने क्षतिको आंकलन गरेर सरकारले असारदेखि भदौ मसान्तसम्म नदी उत्खनन् गर्न रोक लगाएको छ । अनि पनि व्यक्ति लाभका लागि त्यस्ता वस्तुको उत्खनन् भइरहेको सन्दर्भमा बुद्धशान्तिबासीको अग्रसरताले क्षति कम गर्न सघाउ पुग्ने निश्चित छ । वातावरणीय विनाशले त्यस आसपास बस्नेलाई मात्र होइन, सबैलाई असर पुग्छ भन्ने चेतनाको विकास स्वयम्मा नहुञ्जेलसम्म अगुवाहरुले अघि सर्नै पर्छ । कानून विपरीत नदी दोहन गर्नेहरुलाई दण्डित गर्नैपर्छ । अनि मात्र त्यसले उत्पन्न गरेको पीडाबाट मुक्त भइनेछ र वातावरण संरक्षणमा समेत योगदान दिनेछ ।**

# हामी, हाम्रो समाज र भ्रष्टाचार



नेत्रप्रसाद निरौला

हाम्रो देशको इतिहास हेर्ने हो भने राष्ट्रमा भ्रष्टाचार भएको राणाकालदेखि नै देखिन्छ । राणाकालमा राष्ट्रिय सम्पत्तिको व्यापक दुरुपयोग भएको इतिहास अध्ययन गर्दा थाहा हुन्छ । राणा शासकहरुले आफ्नो शक्तिको दुरुपयोग गर्दै राष्ट्रिय सम्पत्तिको आफू र आफ्नो परिवारको हितका लागि मात्र प्रयोग गरे, आफ्ना लागि आलिशान महल ठडाए । तर, देश र नागरिकका लागि कुनै विकास निर्माणतर्फ खासै ध्यान दिएनन्, बेलाबखत नागरिकको मुख थुन्न गरिएका केही कार्यहरु पर्याप्त थिएनन् । यसैकारण राणा शासकहरु प्रति आमनागरिकको व्यापक असन्तुष्टि रह्यो र नागरिक सडकमा उत्रिन बाध्य भए, राणाशासन अन्त्यको यो एउटा मुख्यकारण बन्यो ।

राणा शासनको अन्त्यपछि मुलुकमा केही समयसम्म राजनीतिक अस्थिरता रह्यो । त्यसपछि चुनाव भयो, तर चुनावी सरकारले आफ्नो कार्यकाल पूरा गर्न सकेन, त्यसकारण त्यस सरकारमा बस्ने सदस्यहरुको राम्ररी मूल्यांकन गर्न सकिएन र त्यसपछि मुलुकमा पञ्चायति व्यवस्था शुरु भयो । यसले पूवार्द्धमा केही आशलाग्दा काम शुरु गरेको थियो । भौतिक विकास निर्माणको क्षेत्रमा केही राम्रा कामहरुका शुरुवात भए पनि राजनीतिक रुपले व्यवस्था एक दलीय र अन्य दलहरुप्रति असहिष्णु थियो । पञ्चायति व्यवस्थाको उत्तरार्धमा भ्रष्टाचार निकै मौलाएको पाइन्छ र यस व्यवस्थाको पतनको एउटा मूख्य कारण भ्रष्टाचार पनि थियो । जनता प्रति यसले ठूलो आक्रोश जन्माउन सहयोग गर्‍यो । तत्कालीन पूर्व प्रहरी महानिरीक्षक डीबी लामा तथा सेनाका तत्कालीन कर्णेल भरत गुरुङको भ्रष्टाचार प्रकरण यसका केही उदाहरण हुन् ।

पञ्चायति व्यवस्था फाल्नका लागि दलहरुले भ्रष्टाचारका मुद्दा अगाडि ल्याएका थिए । यसैले जनआन्दोलनलाई व्यापक समर्थन थियो र अन्ततोगत्वा पञ्चायति व्यवस्थाको अन्त्य पनि भयो । यसपछि निर्माण भएका प्रत्येक निर्वाचित सरकारले भष्टाचारविरुद्ध काम गर्ने प्रतिवद्धता जाहेर गर्दथे । तर, भ्रष्टाचार झन् मौलाउँदै गयो । खुल्ला राजनीतिक व्यवस्थामा त झन् भ्रष्टाचारको गुणात्मक बृद्धि हुन थाल्यो । बहुदलीय व्यवस्थामा निर्माण भएका प्रत्येक सरकार संघर्षशील व्यक्तित्वले नेतृत्वले गरेका नै थिए । तर, छोटो समयमा नै राजनीतिक दलका नेतृत्व लगायत राजनीतिक दलका कार्यकर्ताहरु सुविधाभोगी भए जसको फलस्वरुप भ्रष्टाचार झण्डै संस्थागत रुपले बृद्धि हुन थाल्यो र आज आएर भ्रष्टाचार नियन्त्रण बाहिर गएको झैं प्रतित हुन थालेको छ । हरेक क्षेत्रमा भ्रष्टाचार, अनियमितता देखिन थालेको छ ।

यस लेखमा म भ्रष्टाचारको अलिक फरक ढंगले विश्लेषण गर्न खोजिरहेको छु । मेरा केही अनुभवहरु अगाडि ल्याउने प्रयास गर्दैछु र यस कुराले भ्रष्टाचार नियन्त्रणमा थोरै भए पनि सहयोग पुग्छहोला भन्ने विश्वास लिएको छु । अहिलेसम्म आईपुग्दा भ्रष्टाचार भौतिक मात्र रहेन । हाम्रो शैक्षिक प्रणाली, परनिरर्भता, अन्धाधुन्ध विदेशी नक्कल साथै विदेशप्रतिको उत्कृष्ट चाहना जस्ता कारणहरुले हाम्रा पुराना मूल्य-मान्यता, सामाजिक सद्भाव, परम्परा आदि विस्तारै हराउँदै गए, यसो हुनुमा कतिपय राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको दीर्घकालीन रणनीति पनि हुन सक्ने सम्भावना छ । जसमा हाम्रा सामाजिक तथा राजनीतिक नेतृत्वहरुलाई भौतिक सुख-सुविधाका लोभहरु देखाइए र प्रत्यक्ष वा परोक्षरुपमा प्रयोग गरिए । नेतृत्वहरुलाई सल्लाह दिने सल्लाहकारहरुले पनि आफू अनुकूल सल्लाह दिए । यसरी हाम्रा सुन्दर सामाजिक बनावट र सोचलाई आधुनिकीकरणका नाममा छिन्नभिन्न पारिए ।

त्यस्तै प्रजातन्त्रका नाममा हामी यति धेरै दलीयरुपले विभाजित भयौ कि, यसको प्रत्यक्ष फाइदा हाम्रा दलका नेता तथा वरिपरिका भरौटेहरुले लिएको हामीले बुझेनौं वा थोरै आर्थिक लाभमा बुझपचाई रह्यौं । भ्रष्टाचार अब भौतिक समस्या मात्र रहेन, कानूनी प्रयोगले मात्र भ्रष्टाचारको अन्त्य हुने सम्भावना देखिँदैन, अन्यथा प्रत्येक सरकारको प्रमुख एजेण्डा भ्रष्टाचारको अन्त्य हुँदाहुँदै किन भ्रष्टाचार झन् मौलाउँदैछ । भ्रष्टाचार हाम्रो सामाजिक जीवनको एउटा पाटो बनि सक्यो र यसको अन्त्य पनि अब सामाजिकरुपले नै खोज्नुपर्ने आजको टड्कारो आवश्यकता हो । यसका लागि म एउटा दृष्टान्त प्रस्तुत गर्न चाहन्छु । आजभन्दा पाँच/छ वर्ष अगाडि म ग्रामीण खानेपानी एवम् सरसफाई तथा कोष विकास समिति अन्तर्गत सञ्चालित केही ग्रामीण खानेपानी आयोजनाहरुका कार्यक्रम संयोजकका रुपमा कार्यरत् थिएँ । यस्तै एउटा खानेपानी तथा सरसफाई आयोजनाका उपभोक्ता समितिका अध्यक्षको भनाईले धेरै समयसम्म मेरो मानसपटलमा विभिन्नतर्क तथा जिज्ञासा आइरह्यो जसको उत्तर मसँग थिएन ।



उनको भनाई अनुसार आयोजना रहेको गाउँका बासिन्दाहरुले उनले बिना स्वार्थ गरेको कामलाई कहिल्यै धन्यवाद दिएनन्, बरु त्यत्रो आयोजनामा बसेर थोरै पनि आर्थिक लाभ लिन नसकेकामा प्रत्यक्ष अप्रत्यक्ष रुपले जिस्काइ रहे । यो घट्ना त एउटा प्रतिनिधि घट्ना मात्र हो । यहाँनेर मैले उल्लेख गर्न खाजेको कुरा चाहिँ के हो भने हामी कतै नागरिकहरु नै प्रत्यक्ष वा परोक्षरुपले भ्रष्टाचार गर्न उकासी रहेका त छैनौं ? हामी कुनै पनि भ्रष्टाचार वा अनियमितता अथवा अख्तियारी दुरुपयोगलाई घुमाउरो रुपले समर्थन त गरिरहेका छैनौं ? यस्तो बेलामा एकढिक्का भएर लड्नुपर्ने बेलामा विभिन्न बहानामा विभाजित भएर भ्रष्टाचारीलाई नै सघाइ रहेका पो छौं कि, यस विषयमा हामीले गम्भीर भएर सोच्न जरुरी भइसकेको छ ।

हाम्रा प्रत्येक टिप्पणीहरु भ्रष्टाचार प्रति सहयोगी बन्छन् कि यसकाविरुद्ध छन् । टिप्पणी गर्नुअघि गम्भीर भएर सोच्नैपर्ने हुन्छ । हामी कसैले हाम्रा नजिकका आफन्त, नातेदार, छिमेकी वा साथीभाइले छोटो समयमा ठूलो आर्थिक प्रगति गर्‍यो भने उसको प्रशंसा गर्न थाल्छौ, उसलाई सारै चतुर, चलाख वा यस्तै प्रकारका विशेषणले उसका प्रशंसा शुरु हुने गर्छ समाजमा । उसले कसरी आर्थिक आयआर्जन गर्‍यो, त्यसको बारेमा न कसैले बुझ्छ वा न लेखाजोखा गर्छ । भ्रष्ट नेता प्रष्ट हुँदाहुँदै कार्यकर्ताको भीड लाग्छ । यस प्रवृत्तिले भ्रष्टाचार कहिल्यै हट्दैन, बरु झन् बढ्न सक्छ । भ्रष्टाचार हाम्रो देशमा प्रतिष्ठाको विषय पो बन्न शुरु भयो र यसका लागि हामी सबै कार्यकर्ता, जो सानोतिनो स्वार्थमा समर्थन र विरोधमा उत्रन्छौं ।

नेपालमा भ्रष्टाचारको अन्त्य नभए लामो समयसम्म पनि राष्ट्र निर्माण सम्भव छैन र भ्रष्टाचारको अन्त्यका लागि कानून र राज्यको पहलमात्रले पनि सम्भव छैन । धेरै प्रयोग भइसक्यो, देखिसकियो । भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार प्राप्त व्यक्ति वा सस्था स्वयम् नै भ्रष्टाचारको दलदलमा फसेको पनि कति उदाहरण पाइन्छ । यसको अन्त्यका लागि अब सामाजिक बहिष्कार मात्र एउटा राम्रो अस्त्र हुन सक्छ । राजनीतिक भ्रष्टाचारीलाई कार्यकर्ताहरुले तिरस्कार गर्नुपर्छ जसबाट भ्रष्टाचारीले राम्रो सवक सिकोस् तथा जवाफदेही होस् र अन्य भ्रष्टाचारीहरुलाई सामाजिक रुपले बहिस्कार गरिनु पर्छ । हरेक तह तप्काका नागरिकले यो बुझ्न जरुरी छ । अन्यथा हामी एकथरी मानिस मुलुकमा भ्रष्टाचार बढ्यो भनेर कराई रहन्छौं, अर्कोथरी मानिस भ्रष्टाचार गरिरहन्छन्, मोजमस्ती गरिरहन्छन् ।

*निरौला न्यूटन्स एजुकेशन एकेडेमी बिर्तामोडका शिक्षक हुन् ।*

# नेपाली भाषा माथिको आक्रमण कहिलेसम्म ?

माधवप्रसाद पन्त

नेपाली भाषा सम्पूर्ण नेपाली तथा नेपालकै सम्पत्ति हो, पहिचान हो । यो देशका जनतालाई एकताको सूत्रमा बाध्ने, विचार तथा अभिव्यक्ति आदानप्रदान एक सशक्त माध्यम हो । नेपाली भाषा त्यस्तो धागो हो जसले फूलरुपी नेपालीहरुलाई ऐक्यबद्ध गरी सुन्दर मालारुपी नेपाली समाजको रुपमा प्रस्तुत गरेको छ । नेपाली भाषाको उद्गम स्थल हालको कर्णाली प्रदेशको जुम्ला जिल्लाको सिंजा उपत्यकामा भएको हो ।

नेपाली भाषाको जननी संस्कृत भाषा हो । संस्कृत भाषाबाट प्राकृत हुँदै नेपाली भाषाको विकासक्रम अगाडि बढेको हो । विकासक्रममा नेपाली भाषामा थुप्रै देश तथा विदेशका शब्दहरुले स्थान जमाइसकेका छन् । ती मध्ये धेरै शब्दहरु नेपालीको जनजिब्रोमा पाच्य भइसकेका छन् । नेवारी भाषाबाट आएका बुइँगल, डेरा, मगर भाषाबाट आएका जाँडरक्सी तथा खुर्पा, अरबी भाषाबाट आएका वारेस, तातिल आगन्तुक शब्दका केही प्रतिनिधि शब्द मात्र हुन् ।

नेपालको संविधान २०७२ को धारा ६ मा नेपालमा बोलिने सबै भाषा राष्ट्रभाषा हुन् भन्ने र धारा ७(१) मा देवनागरी लिपीमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने उल्लेख गरिनुले सैद्धान्तिक रुपमा नेपाली भाषाको उच्च स्थान रहेको बुझ्न तथा देख्न सकिन्छ । नेपालका १२३ भाषा मध्ये वि.सं.२०६८ को जनगणना अनुसार नेपालको कूल जनसंख्याको ४४.६ प्रतिशत मानिसले नेपाली भाषालाई आफ्नो मातृभाषाको रुपमा प्रयोग गरेको पाइन्छ ।

यति महत्वपूर्ण नेपालको इतिहाससँग जोडिएको नेपाली भाषाप्रति चारैतर्फबाट आक्रमण भएको देख्दा, थाहा पाउँदा एक स्वाभीमानी, देशभकत र सच्चा नेपालीलाई साँच्चै दुःख र चिन्ता लाग्नुपर्छ । नेपाली भाषा दिनानुदिन अवनतितर्फ लागेको छ, मौलिकता गुमाउँदैछ । विविध कारणले नेपाली भाषा प्रतिको आक्रमणले गर्दा यो नराम्ररी थलिएको छ कि बेलैमा उचित उपचार नगरे मर्न पनि सक्छ । नेपाली भाषालाई जानी नजानी प्रहार गर्ने पक्ष तथा पात्रको समयमै खोजी गरी शिकार हुनबाट बचाउनु आवश्यक भइसकेको छ आज । नेपाली भाषाप्रति भएको मुख्य आक्रमणलाई यसरी राख्ने प्रयास गरिएको छ ।

**नेपाली भाषालाई नै हेला गर्ने प्रवृत्ति :**

तितो सत्यलाई उल्लेख गर्नुपर्दा आज हामी नेपालीमध्ये धेरै जना नेपाली भाषामा कुराकानी गर्दा लज्जा अनुभव गर्छौं । आफ्ना तोते बोली बोल्ने छोराछोरीले समेत नेपालीमा स्याउ भन्नुको सट्टामा एप्पल भनेको सुन्दा मख्ख पर्छौं, जाने नजाने पनि देखासिकीको लागि अंग्रेजी छाँट्छौं । कसैले पुस्तक, लेख रचना प्रकाशित गर्दा वा शोधपत्र लेख्दा नेपाली भाषामा गरेको रहेछ भने नाक खुम्च्याउनेको संख्या ठूलै छ । यर्थाथमा नेपाली भएर आफ्नो मातृभाषा नेपालीमा कुराकानी, पत्राचार गर्दा पुस्तक लेख, रचना प्रकाशन गर्दा गराउँदा हाम्रो छाती गर्वले ढक्क फुल्नुपर्ने हो, तर ठिक उल्टो भएको छ आज ।

नेपालका राजनीतिक नेतृत्वले अन्तराष्ट्रिय सभा सम्मेलनमा पनि कनिकुस्ती किन नहोस् अंग्रेजीबोलेको पाइन्छ । उहाँहरु समेत नेपाली बोल्दा आफ्नो इज्जत नै जाने सम्झेर त होला नत्र दोभाषेको सहयोगमा भएपनि आफ्रनो कुरा नेपालीमा स्पष्ट राख्न सकिन्छ , कतिपय कुरा अंग्रेजीमा भन्दा मुख्य आशय नै छुट्छ । शिक्षित व्यक्ति तथा परिवारले नै आज नेपाली भाषाको घाँटी रेट्ने काम गरेका छन् । जन्मदिने पितालाई बाबा नभनेर पापा, ड्याडी भन्न सिकाउने आमा जस्तो पवित्र शब्दलाई मम्मी शब्दले विस्थापन गर्ने अभियानको जिम्मेवार पक्ष यिनै शिक्षित र बुद्धिजीवी कहलिएका व्यक्ति हुन् । सकी नसकी बच्चालाई थ्यांक्यू, वेलकम, अण्टी भन्न सिकाइन्छ बोली फुट्नासाथ अनि कसरी मौलिक नेपाली भाषा सिक्न र सिकाउन पाइन्छ र ? कथित बुद्धिजीवी मानिएकामा भएको यस प्रकारको ढोँगी प्रवृत्तिले पनि नेपाली भाषालाई नराम्ररी प्रहार गरेको छ । जानी नजानी प्रयोग गरेको अंग्रेजीले कहिलेकाँही बहुअर्थ तथा गलत अर्थ पनि लगाएका थुप्रै उदाहरणहरु देख्न सुन्न सकिन्छ ।

**प्राज्ञिक वर्गबाटै कमजोरी :**

नेपाली भाषालाई प्रहार गर्ने अर्को जिम्मेवार घटकभित्र प्राज्ञिक वर्ग पनि हो । शिक्षित तथा बुद्धिजीवी वर्गले समेत नेपाली भाषालाई घुमाउरो शैलीमा आक्रमणको घेरामा पारेको देख्न तथा सुन्न सकिन्छ । नेपाली भाषामा विज्ञता हासिल गरेका, विद्यालयमा नेपाली भाषा अध्यापन गराउने शिक्षक तथा विश्वविद्यालयका प्राध्यापकलाई तपाईंले अध्यापन तथा प्राध्यापन गर्ने विषय के हो भनी जिज्ञासा राख्दा के हुनु त्यही नेपाली त हो भन्ने जवाफ पाइन्छ यहाँ । आजको दिनमा कक्षा ६ देखि १० सम्म नेपाली विषयमा पनि प्रयोगात्मकका लागि २५ अंक छुट्याइएको छ । जसको आशय विद्यार्थीहरुको सुनाइ, लेखाई, बोलाइ जस्ता सीपको परीक्षण गरी त्यसलाई सुधार गर्नु तथा गराउनु हो । तर, प्रयोगात्मक अँकको मर्म अनुसारको कर्म हुन सकेको छैन । बाह्य मूल्यांकन जस्तो आधारभूत तहको र एसईई परीक्षामा प्रयोगात्मक परीक्षामा अंक अनुमानको आधारमा हालेर पठाउने अभ्यास हामी कहाँ छ, त्यसलाई अविलम्ब रोक्नुपर्छ । केही बर्षअघि त परीक्षा केन्द्रमा नै अंग्रेजीको लिसनिङ , स्पिकिङ हुन्थ्यो तर आज त्यो पनि हटाइयो । विद्यालयबाट प्रयोगात्मक नगराइकनै प्रयोगात्मक अंक पठाइन्छ । किन प्रयोगात्मक परीक्षा नलिएको भन्दा जाबो नेपाली भाषा पनि बोल्न र सुन्न नसक्ने को हुन्छ र भन्ने जवाफ विषय शिक्षकबाट समेत पाइन्छ । यो भन्दा ठूलो कमजोरी के हुन्छ र ?

**संवैधानिक र कानूनी प्रावधान कै उल्लघंन :**

नेपालको संविधानको धारा ३१(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनिएको छ । तर, विडम्बना आज संस्थागत विद्यालयमा नेपाली बोल्न निषेध गरिएको छ, र बोल्नै परे अनुमति लिएर बोल्नुपर्ने बाध्यता छ । आफ्नै देशभित्र बसेर पनि आफ्नो मातृभाषा बोल्न अनुमति माग्नुपर्ने र माग्दा पनि मुश्किलले पाइने व्यवस्थाभन्दा देशप्रतिको घात अरु के होला ? नेपालीमा बोल्दा साथीभाइ तथा शिक्षकले समेत खिसीटिउरी गर्लान् भन्ने डरले धेरै विद्यार्थीले नबुझेको तथा नजानेको कुरा समेत नसोधी बस्ने गर्छन् । जसको असर विद्यार्थीको नतिजामा परिरहेको छ । मातृभाषामा शिक्षा पाउने हक हुनेछ भनेर संवैधानिक व्यवस्था भइसक्दा विद्यार्थीले आफ्नो मातृभाषा नेपालीमा ढुक्कले लेख्न र पढ्न समेत नपाउनु ज्यादै दुःखलाग्दो र अविलम्ब सुधारिनुपर्ने कुरा हो ।




अर्कोतर्फ नेपाली बोलेमा जरिवाना उठाउने अधिकांश निजी तथा केही अंग्रेजी माध्यमधारी सामुदायिक विद्यालयहरुले पनि नेपाली भाषाप्रति गरेको अन्याय, अत्याचार घामजत्तिकै छर्लङ्ग छ । आफ्नो मातृभाषा बोल्न निषेध गर्दा पनि आज सम्पूर्ण विद्यार्थी तथा तिनका अभिभावक मौन छन् केहीले विरोधको आवाज उठाए पनि त्यति बुलन्द र सशक्त छैन जसले गर्दा विद्यालयहरुको नेपाली भाषाप्रतिको आक्रमणमा बढोत्तरी भइरहेको छ । विद्यालय चाहे संस्थागत होस् या सामुदायिक यिनीहरुले त नेपाली भाषालाई सशक्त र प्रभावकारी बनाउने भूमिका निभाउनुपर्ने हो, तर ठीक उल्टो भएको देखिन्छ ।

**सरकारको लापरवाही तथा विदेशीको अनुचित प्रभाव :**

सरकार आफैले पनि नेपाली भाषालाई लापरवाहीपूर्वक घुमाउरो शैलीमा हेला गरेको छ । यसै बर्ष सरकारले गत जेठ १८ गते स्वीकृत गरेको कक्षा १ देखि १२ सम्मको पाठ्यक्रममा नेपाली विषयलाई साप्ताहिक ३ र अंग्रेजी विषयलाई साप्ताहिक ४ पाठ्य घण्टा तोकेको छ जब कि ती दुबै विषयको पूर्णांक तथा क्रेडिट आवर बराबर छ । यसरी समान पूर्णाङ्क भएका विषयमा नै विभेद गरी नेपाली विषय पठनपाठन गर्ने समय नै कम राख्नु पनि सरकारको लापरबाही तथा नेपाली भाषा सिकाउन गरिएको कञ्जुस्याइँ र हेलचेक्र्याइँ हो । सरकारले शिक्षा ऐनमा भाषको माध्यम नेपाली वा अंग्रेजी तथा दुबै भनेको छ । तर, अन्तर्राष्ट्रिय अभ्यास अनुसार पनि आधारभूत तहसम्मको शिक्षाको माध्यम मातृभाषा अर्थात् नेपाली वा अन्य बनाउनु उपयुक्त हुन्छ । अंग्रेजी विषय राम्रोसँग शिक्षा ऐनको कानूनी प्रावधान अनुरुप पूर्ण अंग्रेजीमा नै पढाउँदा सिक्न सिकाउन सकिन्छ । विदेशीले पनि नेपाली भाषाको सट्टा अंग्रेजी भाषालाई बढी प्रयोग गर्न प्रोत्साहन गरेको पाइन्छ । पुस्तकहरु अंग्रेजी माध्यमका बढी उपलब्ध गराउनु, छात्रवृत्ति प्रदान गर्दा अंग्रेजीको दखलतालाई आधार बनाउनु केही उदाहरण मात्र हुन् । अचम्म लाग्दो कुरा त यो छ कि देशको इतिहास, धर्म-संस्कृती जस्ता विषयवस्तु समेटिएको सामाजिक अध्ययन, नैतिक शिक्षा जस्ता विषय समेत नेपालीमा नपढाई अंग्रेजीमा पढाइन्छ अनि कसरी नेपाली भाषामा सुधार हुन्छ ?

अर्कोतिर उनीहरुको पढाइ सुगा रटाइ मात्र हुन्छ न त सामाजिक परिवेशका कुरा मस्तिष्कमा दिगो रुपमा रहन्छ न त विद्यार्थीले नैतिक शिक्षाको मर्म नै बुझ्न सक्छन् । केही समय अगाडि पोखरामा सामाजिक शिक्षा नेपाली भाषामा नै किन भन्ने शीर्षकमा कार्यशाला गोष्ठी नै सम्पन्न हुनु र त्यसमा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमा प्रमुख वक्ताको रुपमा सहभागी हुनुले पनि शिक्षाको माध्यम नेपाली नै भएको कुरा सहजै आँकलन गर्न सकिन्छ ।

यसरी नेपाली भाषामा भएको चौतर्फी आक्रमणले भयावह स्थिति सिर्जना गरेको छ । पछिल्लो पुस्तालाई धेरै नेपाली शब्द बोल्न र लेख्न नआउनु सामान्य कुरा भइसक्यो आज । विद्यार्थीहरुलाई अठसट्ठी, उनान्साट्ठी जस्ता सामान्य शब्द लेख्न आउँदैन । नेपाली विषयमा स्नातकोत्तरको डिग्री लिएकालाई नेपाली भाषामा शुद्धसँग जागिरको लागि दरखास्त लेख्न आउँदैन । यहाँभन्दा खराब परिणाम के होला र ? यस्तो हुनुको कारक तत्व नेपाली भाषालाई हैँला गर्नु नै हो, आक्रमण गर्नु नै हो । त्यती मात्र नभएर केही दिन अगाडि देशभर नेपाली विषयमा नै विद्यार्थी कमजोर, सिकाइ उपलब्धि औषतभन्दा कम, गणित भन्दा नेपालीमा नै विद्यार्थी कमजोर भन्ने समाचार सामुदायिक सूचना नेटवर्क (सिआइएन) मा प्रसारण भएको थियो । नेपाली विषय त हो नि भनेर विद्यार्थी, अभिभावक तथा विषय शिक्षक समेतले हेलचेक्र्याइँ गर्दा आजको यो दिन तथा अवस्था आएको हो यसलाई सुधार्न अविलम्ब सबै सरोकारवालाको ध्यान जान जरुरी छ ।

अन्त्यमा सम्पूर्ण नेपाली जनता र नेपालकै सम्पत्ति र पहिचानको रुपमा रहेको नेपाली भाषा चौतर्फी आक्रमणमा परेको यो आवस्थामा देशका भाषाविद्, महाविद्यालयका नेपाली भाषाका प्राध्यापक, विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र हरेक सचेत नागरिक आफ्नो भाषालाई संरक्षण, सम्वर्द्धन गर्नको लागि अहोरात्र खट्नुपर्ने टड्कारो आवश्कताको सिर्जना भइसकेको छ । बेलैमा विचार गरिएन भने नेपालको संवैधानिक अङ्गको रुपमा स्थापित भाषा आयोगले आजका दिनमा कुसुण्डा भाषा तथा भाषीको संरक्षणार्थ तालिम दिए जस्तै भोलि नेपाली भाषाको उचित संरक्षणका लागि तालिम सञ्चालन गर्नुपर्ने दिन नआओस् ।

*एजुकेशन पाटी*

## सुरुङ्गाका रोहन राष्ट्रिय टिममा



**सुरुङ्गा, साउन २२।** झापा कनकाई नगरपालिका-३ सुरुङ्गा निवासी रोहन कार्की फुटबलको राष्ट्रिय टिममा खेल्ने भएका छन् । हाल उनी फुटबलको राष्ट्रिय टिम यु-१९ टिमको बन्द प्रशिक्षणमा पर्न सफल बनेका छन् ।

सुरुङ्गाको चौरमा सानै उमेरदेखि फुटबल खेल्न थालेका कार्की आगामी साफ फुटबल प्रतियोगिताका लागि उनी मिडफिल्डरको रुपमा खेल्ने छन् । आगामी असोज ३ गतेदेखि १२ गतेसम्म काठमाडौंमा हुने साफ फुटबल प्रतियोगिताको तयारीका लागि उनीसहित ४६ खेलाडी देशभरबाट छनोट भएका हुन् ।

झापा कनकाई माविको खेल मैदानमा नियमित अभ्यास गर्ने एक चेली मिरा राई समेत दौडमा यसअघि विश्व कीर्तिमान राख्न सफल बनेकी थिइन् । कार्कीले राष्ट्रिय टिममा खेल्न पाउनु गौरवको विषय भएको कनकाई माविका खेलकुद विभागका संयोजक जीतबहादुर बस्नेतले बताए ।

## मेचीनगरमा लगानी बढ्दै
# पान पसलदेखि चाउचाउ उद्योगसम्म खुल्दै

**झापा, साउन २२।** कुनै बेला मेचीनगरमा लगानी मैत्री बातावरण नभएको भन्दै उद्योगी व्यवसायीहरु पलायन भएर वैकल्पिक पेशा रोज्न बाध्य थिए । धेरैले आफ्नो उद्योग व्यवसायको लगत समेत कट्टा गरे ।

उद्योग सञ्चालन गर्ने अनुकूल बातावरण नभएकै कारण उद्योगीहरुले लगानी गर्न छाडेका थिए । उद्यमशीलताको विकाश नहुनु, विभिन्न संघ-संगठनको चन्दा आतंक, उद्योगी व्यावसायीहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति सरकारले दिलाउन नसक्नु, भौतिक पूर्वाधारहरुको विकास नहुनु लगायतका कारणले पनि धमाधम उद्योग बन्द भई लगत कट्टा हुन्थे ।

तर, केही दिनयतादेखि मुलुकको परिस्थिति सहज बन्दै गएका कारण मेचीनगरमा उद्योगी व्यवसायीहरुले औद्योगिक क्षेत्रमा लगानी बढाएका छन् । पछिल्लो समय मेचीनगर लगानीमैत्री बनेको कारण यहाँ निर्धक्करुपमा नयाँ-नयाँ उद्योग खोल्ने क्रम बढेको छ ।

उद्योग व्यवसायीहरुको साझा संस्था मेची उद्योग वाणिज्य संघका अनुसार गत आर्थिक वर्ष २०७५/०७६ मा मात्र सो संस्थाको सदस्यता लिनेहरु एक हजार आठ सय १४ पुगेका छन् । जुन संख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा तीन सय ८४ ले बृद्धि भएको संघका कार्यकारी निर्देशक गोपाल बस्नेतले जानकारी दिए । उनका अनुसार सो वर्ष संघमा एक हजार चार सय ३० जनाले मात्र फम दर्ता गरेका थिए ।

बस्नेतका अनुसार नगरमा विभिन्न प्रकारका उद्योग दर्ता गर्नेक्रम बढेको छ । उनका अनुसार नगरमा स-साना पान र मिठाइ पसलहरुमात्र होइन चाउचाउ, जुस, पानी, दाना, जुत्ता चप्पल, लुब्रिकेन्टस उद्योगहरु फाइव स्टार थ्री स्टार होटल क्यासिनो लगायत धमाधम सञ्चालनमा आइरहेका छन् । संघमा उद्योगी व्यवसायीले बिभिन्न खाले उद्योग तथा व्यवसाय दर्ता गर्ने क्रम बढेपछि संघको राजस्वमा समेत बृद्धि भएको छ ।

**काँकरभिट्टामा बैकको शाखा खोल्ने होड**

व्यवसायिक रुपमा फड्को मारिरहेको पूर्वी नाका मेचीनगरमा बैंकको शाखा खोल्ने होड नै चलेको छ । कारोबारको आकार बढ्दै जाँदा सहरमा बैंकको संख्या पनि बढ्दै गएको हो । यसले ग्राहकलाई पनि छनोटको विकल्प दिएको छ ।

अहिले नगरको मुख्य केन्द्रविन्दु काँकरभिट्टा, धुलाबारी, चारआली लगायत बजारका अधिकांश भवनमा बैंकका शाखा छन् । देशमै ख्याती कमाइसकेका बैकका शाखा काँकरभिट्टाको झण्डै आधा किलोमिटरको वरिपरि रहेका छन् । सनराइज, कन्काई विकास, एक्सेल, प्रभु , एनआइसी एशिया, माछापुच्छ्रे , सिद्धार्थ बैंकका शाखा सञ्चालनमा छन् । निकट भविष्यमा अन्य बैंकले समेत शाखा विस्तार गर्ने तयारी गरीरहेका छन् । यी बैंकसँगै सरकारी स्वामित्वको नेपाल बैंक आधा किलोमिटर दुरीभित्रै रहेको छ । प्रायः सबै बैकमा बचत गर्ने र चेक साट्नेको उस्तै भीड लाग्छ । एटिएमको व्यवस्था भएर पनि उद्योगी व्यवसायीहरुलाई सहज भएको छ ।

स्थानीयको आयमा बृद्धि भएकै कारण कनकाई विकास बैकले पनि लामो समयदेखि यहीँ बसेर सेवा प्रदान गरिरहेको छ । दैनिक डेढदेखि दुई सय जनाको भीड लाग्ने बैक भारतसँग सीमा जोडिएको काँकरभिट्टामा शाखा विस्तार गर्दा धेरै कुरा सहज हुने भएकाले तत्काल शाखा विस्तार गरेको त्यहाँका अधिकारीहरु बताउँछन् । यहाँका धेरै मानिस आर्थिकरुपमा सम्पन्न छन् त्यसैलाई हेरेर पनि तेस्रो शाखाको रुपमा काँकरभिट्टामा कनकाईको शाखा सञ्चालनमा आएको हो ।

काँकरभिट्टाको भविष्य राम्रो छ यहाँका अधिकांश मानिस केही न केही व्यवसायमा संलग्न छन् । बैंकले गरेको लगानी डुब्ने कुनै सम्भावना छैन । कृषि क्षेत्रमा लगानी गर्ने बैंकको उद्देश्य अनुरुप पनि काँकरभिट्टाका धेरै मानिस कृषि कार्यमा संलग्न छन् । काँकरभिट्टा शाखाले एबीबीएसलाई समेत सपोट गर्ने गरेको छ ।

मेचीनगरमा विभिन्न बैंकको शाखा खोल्ने होडवाजी चलिरहेका बखत काठमाडौंको बबरमहलमा प्रधान कार्यालय रहेको प्रभु बैंकले समेत १६औं शाखाका रुपमा काँकरभिट्टामा शाखा खोलेर बैंकिङ कारोवार गरिरहेको शाखा प्रबन्धक प्रशन्न तुलाधरले बताए । बैंकमा दैनिक दुईदेखि अढाई सय जनासम्म सेवाग्राही सेवा लिन आउन थालेका छन् । बैंकमा क्रेडिट कार्डको व्यवस्था छ । काँकरभिट्टामा वित्तीय कारोवारको अवस्था राम्रो भएकै कारण निजी बैंकहरुको ध्यान मेचीनगरमा छ ।

मेचीनगरमा सरकारी स्वमित्व रहेको नेपाल बैंक पनि छ । सहकारीका क्षेत्रबाट सञ्चालित वित्तिय संस्थाहरु पनि नगरमा धेरै छन् । विगतमा मुख्य बजार र विभिन्न नामले चिनीने क्षेत्र अहिले बैंक र सहकारीका नामले चिनिन थालेका छन् । पछिल्लो समय नगरका उद्योगी व्यवसायी पलायन हुने अवस्था बन्द भएको र लगानीमैत्री वातावरण भएकै कारण नगरमा बैंक र सहकारी संस्थाहरु धमाधम स्थापना भइरहेका छन् । स्थानीय भने धेरै वित्तीय संस्थाले एउटै ठाउँलाई बैंकको शाखाका रुपमा केन्द्रविन्दु बनाउनुभन्दा गाउँ-गाउँमा स्थापना भए त्यस्ता संस्थामा सबैको पहुँच पुग्ने बताउँछन् ।

वित्तीय संस्था स्थापना हुनु राम्रो पक्ष भएको बताउँछन् -मेची उद्योग बाणिज्य संघ मेचीनगरका अध्यक्ष विजय डालमिया । तर, एक्कै ठाउँमा आवश्यकताभन्दा बढी वित्तीय संस्था सञ्चालन हुँदा ग्रामीण क्षेत्रका बासिन्दा बैंकको पहुँचभन्दा टाढा पुग्न सक्छन् । वित्तीय कारोवारको सुविधा नभएको तथा बैंकको आवश्यकता भएका ठाउँमा यस्ता वित्तीय संस्था स्थापना गर्नुपर्ने उनको सुझाव छ । विशेषगरी मेचीनगर भारतसँग सीमा जोडिएको नाका भएका कारण पनि यहाँ बैंकको शाखा खोल्ने होडवाजी चलेको स्थानीयको भनाई छ ।

## झापाचोकमा प्रहरी बिट



**भद्रपुर, साउन २२।** मेची पुल जोड्ने हुलाकी तथा मेची राजमार्गको चाराआली केचना सडकखण्डको केन्द्रबिन्दुलाई लक्षित गरी प्रहरी बिट स्थापना गरिएको छ ।

वडा प्रहरी कार्यालयले भद्रपुर नगरपालिका- ४, ५ र ६ मा पर्ने झापाचोकमा प्रहरी बिट स्थापना गरेको हो । भद्रपुर नगरपालिकाको करिब दुई लाख लागतमा निर्मित प्रहरी बिटको उद्घाटन नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले रिबन काटेर गरेका थिए ।

नगरको शान्ति सुरक्षा चुस्त दुरुस्त बनाउने उद्देश्यका साथ भद्रपुरमा अब चार वटा प्रहरी बिट भएको छ । यसअघि गार्मेन्ट चोक, सगरमाथा चोक र लेखनाचोकमा प्रहरी बिट राखिएको छ । झापाचोकको प्रहरी बिट बनाउने नगरपालिकासँगै मायालु, कमलधाप र दियालो सामुदायिक वनले काठ उपलब्ध गराएको प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले जानकारी दिए ।

‘हुलाकी तथा मेची राजमार्ग जोडिएको झापाचोकलाई केन्द्रबिन्दु बनाएर प्रहरी बिट सञ्चालनमा ल्याएको हो’ -उनले भने- ‘प्रहरी बिट नहुँदा त्यहाँ सवारी दुर्घटना बढ्नुका साथै आपराधिक क्रियाकलाप समेत हुने गरेको थियो, अब त्यसलाई रोकथाम गर्न प्रहरीलाई सहज हुनेछ ।’ झापाचोकमा रहेको प्रहरी बिटमा चौबिसै घण्टा तीन जना प्रहरी खटाइने उनले बताए ।

भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीबहादुर श्रेष्ठको अध्यक्षता तथा नगर प्रमुख श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष प्रेम बरुवाल, नेपाली कांग्रेसका क्षेत्रीय सभापति गणेश पोखरेल, शत्रुधन चौधरी लगायतले बोलेका थिए । स्वागत ठण्डाबस्ती टोल विकास समितिका अध्यक्ष कृष्ण वनले गरेको कार्यक्रमको सञ्चालन वडाका प्रहरी निरीक्षक श्रेष्ठले गरेका थिए ।

## बिर्तामोडमा सिनेमा डिकेड अवार्डको तयारी

**बिर्तामोड, साउन २२।** झापाको बिर्तामोडमा प्रदेश नं. १ स्तरीय ‘प्रोभिन्स १ सिनेमा डिकेड अवार्ड २०७६’ को तयारी गरिएको छ ।

प्रदेश नं. १ को आयोजकका रुपमा रहेको पूर्वेली युवा क्लवले बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गरी कार्यक्रमबारे जानकारी दिएको हो । नेपाली चलचित्रको विकास र प्रवर्द्धनका लागि प्रदेश नं. १ को भूमिका महत्वपूर्ण रहेकाले प्रदेश नं. १ मा जन्म भई देशको जुनसुकै स्थानमा रहेर पनि चलचित्र क्षेत्रमा योगदान पुर्‍याउने चलचित्रकर्मीहरुलाई प्रोत्साहन गर्न प्रदेश नं. १ स्तरीय ‘प्रोभिन्स १ सिनेमा डिकेड अवार्ड २०७६’ को तयारी गरिएको कार्यक्रममा जानकारी दिइयो ।

बिर्तामोडस्थित हवी स्वीमिङ पुलमा आगामी मंसीरमा हुने उक्त कार्यक्रममा प्रदेश नं. १ का चलचित्र क्षेत्रमा योगदान पुर्‍याउने तीनजना चलचित्रकर्मीलाई ‘लाइफ टाइम एचिभमेन्ट अवार्डसहित सम्मान गरिने पूर्वेली युवा क्लवका पूर्व अध्यक्ष तथा प्रदेश नं. १ स्तरीय ‘प्रोभिन्स १ सिनेमा डिकेड अवार्ड २०७६’ का संयोजक रमेश चौधरीले जानकारी दिए ।

त्यस्तै सोही कार्यक्रममा चलचित्र, नायक, नायिका, खलनायक, सह नायक, नायिका, नवनायक, नायिका,




निर्देशक, जुरी, सिनेम्याटोग्राफी, म्युजिक, स्क्रिप्ट राइटर, गायक, गायिका, चरित्रअभिनेता, अभिनेत्री, हास्य अभिनेता, चलचित्र हल, प्रोड्युसर, सुटिङ लोकेशन लगायतका विभिन्न ४५ बिधामा पपुलर अवार्ड प्रदान गरिने उनले बताए ।


कार्यक्रममा प्रोभिन्स १ सिनेमा डिकेड अवार्ड २०७६ का को-अर्डिनेटर मनोज केसीले चलचित्र क्षेत्रमा १० बर्षदेखि निरन्तर क्रियाशिल रहेका प्रदेश नं. १ का चलचित्रकर्मीलाई मात्र अवार्ड कार्यक्रममा समावेश गराइने जानकारी दिए । उनले प्रदेश नं. १ का जुनसकै भाषा, धर्म, संस्कृतिमा निर्माण भएका चलचित्र र कलाकारहरुलाई समेत समावेश गराइने बताए ।

उक्त कार्यक्रमका लागि ५० लाख अनुमानित खर्च हुने र खर्च व्यवस्थापनका लागि प्रायोजक, स्थानीयतह, स्थानीय संघ-संस्था, समाजसेवीको सहयोग लिइने उनले बताए ।

कार्यक्रममा कलाकार सुनिल थापाले नेपालमै पहिलोपटक यस्तो कार्यक्रम आयोजना गरिएको बताए । उनले प्रदेश नं. १ को बिर्तामोडमा आयोजना गरिएको यस्तो कार्यक्रमले नेपाली चलचित्र उद्योगलाई अझ अगाडि वढाउन सहयोग गर्ने बताए ।

कार्यक्रमका प्रोडक्शन मेनेजर कुमार सिलवाल, बक्सअफिस ग्रुपका प्रवन्ध निर्देशक यज्ञराज सेढाई लगायतले कार्यक्रमबारे जानकारी दिएका थिए । पूर्वेली युवा क्लवका अध्यक्ष मनोज बुढाथोकीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष जलकुमार गुरुङ, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, नेपाल रेडक्रस सोसाइटी बिर्तामोडका सभापति सजेश शिवाकोटी, कलाकार भुपेन्द्र लिङ्देन ‘मन्त्री’, युवा व्यवसायी कमल खरेललगायतले बिर्तामोडमा यस्तो कार्यक्रम आयोजना हुनु झापाबासीका लागि गौरवका विषय भएको बताए । कार्यक्रमको सञ्चालन पूर्वेली युवा क्लवका सचिव प्रकाश सुवेदीले गरेका थिए ।

## मेहन्दीको यस्तो फाइदा



साउन महिना नारीका लागि विशेष मानिन्छ । यो महिनामा नारीहरू व्रत बस्ने, हरियो, पहेँलो र रातो पहिरनमा सजिनुका साथै श्रृंगारमा पनि रंगको विशेष संयोजन मिलाउँछन् । त्यसैले नारीका लागि साउन महिनामा मेहन्दीको विशेष महत्व रहने गर्छ ।


धर्म, संस्कृति र सौन्दर्यसँग पनि जोडिएर आउने मेहन्दी लगाउने परम्पराले साउन महिनालाई मेहन्दी नै लगाउने महिनाका रूपमा चिनाएको छ। आजभोलि यो फेसन वा देखासिकी रूपमा विकास भए पनि परापूर्वकालदेखि नै आयुर्वेदमा महत्वपूर्ण औषधिका रूपमा मेहन्दीलाई हेर्ने गरिएको छ । तर, अचेल बजारमा शुद्ध मेहन्दीभन्दा पनि अशुद्ध र केमिकल मिसाइएको मेहन्दीको बढी प्रयोगले त्वचागत रोग उत्पन्न हुने खतरा पनि सँगसँगै बढेको पाइन्छ ।

आयुर्वेदको व्यगुण विज्ञानमा उल्लेख भए अनुसार ‘मेहन्दी’ नामक वृक्षको कुल ‘लिथरेसी’ हो । यसको ल्याटिन नाम ‘लौसोनिया इनर्मिस’ हो र संस्कृत नाम ‘मदयन्तिका’ हो । यसलाई अंग्रेजीमा ‘हिन्ना’ पनि भनिन्छ । यसको प्रयोग अंगहरू भनेका पत्र, पुष्प र बिज हुन् । यसको पत्र भालाकार वा अण्डाकार हुन्छ र पिस्दा रातो रंगको हुन्छ । मेहन्दीको पत्तिमा टैनिन १०.२१ प्रतिशत तथा लौसोन नामक मुख्य द्रव्य हुन्छ । मेहन्दीको गुण- लघु, रूक्षस रस-तिक्त, कषायस विपाक-कटुस विर्य-शीत हुन्छ । र, यो वृक्ष कफपित्तजन्य रोगका लागि बढी प्रयोग हुन्छ ।

बाह्य प्रयोग अन्तर्गत विशेषतः नारीहरूले वर्ण सुन्दर बनाउन र रंगीन बनाउनका निम्ति यसको प्रयोग गर्छन् । कपाललाई कालो बनाएर जवान देखिनका निम्ति समेत यसको प्रयोग गरिन्छ । शिरस्शूल, संधिशोथ तथा हातमा हुने जलनका निम्ति समेत यसको प्रयोग गरिन्छ । यसको प्रयोग वेदना शान्त गर्नका निम्ति, व्रणको शोधन गर्नका निम्ति र रक्तबन्दका निम्ति गरिन्छ । कुष्ठ तथा चर्मविकारमा लाभदायक मेहन्दीको क्वाथको प्रयोग मुख रोगमा समेत गरिन्छ ।

**अच्युतशाली घिमरे**

## चलचित्रका लागि २० केजी घट्दै आमिर



बलिउडमा मिस्टर पर्फेक्सनिस्टका रूपमा परिचित आमिर खानले नयाँ चलचित्र ‘लाल सिंह चड्ढा’मा अभिनय गर्ने भएका छन् ।

उक्त चलचित्रका लागि आमिरले २० केजी तौल घटाउनु पर्नेछ । जुन आमिरले स्वीकार गरेका छन् । यस चलिचित्र हलिउड चलचित्र ‘फोरेस्ट गम्प’को रिमेक भएको बताइएको छ । जसमा चर्चित अभिनेता टम ह्याक्सले अभिनय गरेका थिए ।

आमिर उक्त चलचित्रको पात्रसँग मिल्दोजुल्दो शरीरका लागि यतिबेला तौल घटाइरहेका छन् । ५४ वर्षमा आमिरको अहिले पेट लागेको छ । त्यसलाई घटाउन आमिरले डाइट पनि त्यही किसिमको खाइरहेका छन् ।

खानाका सौखिन आमिर यतिबेला रोटी, साग तथा प्रोटिनयुक्त खानामात्र खाइरहेका छन् । खबरहरूका अनुसार चलचित्र लालसिंह चड्ढाको सुटिङ नोभेम्बरबाट हुँदैछ ।

सुटिङ शरू हुँदा उनले वजन घटाइसक्नु पर्नेछ । उनी जिम समेत जान थालेका छन् । आमिरले यसअघि गजनी र दंगल चलचित्रमा समेत तौल घटाएका थिए । *एजेन्सी*


# Dubai मा श्रीमान/श्रीमतीलाई एउटै कम्पनीमा रोजगारको अवशर

कम्पनी: Lahej & Sultan Cleaning Services & General Maintenance Company, Dubai

पूर्व स्वीकृती मिति: २०७५/०९/०९ | चलानी नं. ६०१३५९२१ | LT.No. २१५९२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काममर्ने दिन | दिनमा काममर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | १०३ | - | सम्बन्धित काममा दक्ष | 800 | २४,५००/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Female Cleaner | - | ४६ | | 800 | २४,५००/- | | | | | | | |

नोट:
१) महिला तथा पुरुष क्लिनरको उमेरको हकमा १८ देखी ४३ वर्षसम्म हुनुपर्नेछ ।
२) अन्तरवार्ता दिन आउदा सक्कल राहदानीको साथ फरमल ड्रेसमा आउनुपर्नेछ ।

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट यही साउन २५ गते यसै कार्यालयमा हुनेछ ।

शिवाकोटी मेनपावर सर्भिस प्रा ली
सामाखुशी, काठमाडौं फोन नं.०१४३८५६३३
(श्रम इजाजत नं. ८०६/०६५/६६) शाखा कार्यालय बिर्तामोड, शनिश्चरे रोड, आइएमई बैंकभित्रपट्टिको तेस्रो घर
फोन नं. ०२३-५४१०६०/ ५४५३८८/ ५४०९१७मो. ९८०१४०८२८३/९८०१०३३९७५/९८०२०७०५१०
९८०१०३३९७७/९८०१०२३८१३/९८०१०३३९७०



# Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८६/०७४/०७५

झापा सम्पर्क: ९८४१०१६८०९,९८०४९६१४१४, ९८४२६७४८०९, ९८०७९६३७९७, ९८०७९६३७९५

UAE मा रोजगार। कम्पनी: AMANA STEEL BUILDINGS CONTRACTING LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/०४/१७ | चलानी नं.: ६०४८४८८९ | LT. No.: 222859

| क्र. सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 100 | 0 | [illegible] | 1000 | 30,000 | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | [illegible] | २ वर्ष |

Note: साथै यसै कम्पनीमा Gypsum Carpenter (Salary 1200), Auto Electrician (Heavy Equipment) र Auto Electrician (Vehicles) Salary 1500, Denter (Salary 1200), Mechanic-Diesel (Heavy Equipment), Mechanic-Diesel (Truck & Buses) Mechanic-Petrol (Vehicles), र Power Electrician(Generators & Power Equipment) Salary 1700, Document Controller (Salary 1800), Painter (Spray) Salary 1400, WorkShop Formen Petrol & Diesel (Salary 2300) हरुको पनी माग भएको हुदा जान चाहानु हुने इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला।

फाइनल अन्तरवार्ता २०७६ साउन ३२, भदौ १ र २ गते (17, 18 & 19 Aug. 2019) विर्तामोड झापामा हुदैछ।

वैदेशिक रोजगार विभागबाट जारी जानकारी: [illegible]